
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०८९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५




❑ वर्ष २५ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज १२ गते शनिबार ❑ 28 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## विश्व शान्ति र सुरक्षामा थप योगदान गर्न नेपाल तयार छ: प्रधानमन्त्री

रासस
काठमाडौं, ११ असोज

प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभालाई सम्बोधन गर्दै राष्ट्रसङ्घीय शान्ति अभियानमा सेना र प्रहरीको सबैभन्दा ठूलो योगदानकर्ताका रूपमा नेपाल विश्व शान्ति र सुरक्षामा आफ्नो योगदानलाई थप वृद्धि गर्न तयार रहेको बताउनुभएको छ।

महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अमेरिकाको न्युयोर्कमा रहनुभएका प्रधानमन्त्री ओलीले स्थानीय समयअनुसार बिहीवार साँझ ५:३० बजे महासभामा सम्बोधन गर्नुभएको हो । उहाँले कसैलाई पनि पछाडि नपारी वर्तमान र भावी पुस्ताका लागि शान्ति, दिगो विकास र मानव मर्यादाको उन्नतिका लागि एकजुट हुन विश्व समुदायलाई आह्वान गर्नुभयो । सशस्त्र द्वन्द्वपछि नेपालको शान्ति स्थापनाका



प्रयासका आरोह अवरोहको व्याख्या गर्दै प्रधानमन्त्री ओलीले आफ्नो नेतृत्वको सरकारले सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संसद्बाट हालै पारित गराएको महासभालाई अवगत गराउनुभयो । "दुई ठूला राजनीतिक दलको सहकार्यमा बनेको वर्तमान सरकार नेपाली जनताको समावेशी र समतामूलक समृद्धिका लागि आर्थिक रुपान्तरणलाई अघि बढाउँदै स्थायित्व कायम गर्न कटिबद्ध छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "सबैसँग मित्रता, छैन कसैसँग शत्रुता' भन्ने गहिरो विश्वासका साथ हामीले हाम्रो विदेश नीति सञ्चालन गरिरहेका छौँ । पारस्परिक सम्मान, सार्वभौम समानता, क्षेत्रीय अखण्डता, एकार्काको आन्तरिक मामिलामा अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तमा रहेर नजिकका छिमेकी र अन्य मुलुकसँगको घनिष्ठ, सौहार्दपूर्ण र रचनात्मक सम्बन्धलाई थप सुदृढ गर्न नेपाल प्रतिबद्ध छ ।" इजरायल-प्यालेस्टाइन द्वन्द्वमा दुई मुलुकबीचको शान्तिपूर्ण संवादबाट समाधान हुनुपर्नेमा प्रधानमन्त्री ओलीले जोड दिनुभयो । प्रधानमन्त्री ओलीले नेपाल सन् २०२६ भित्रमा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुने तर सन् २०३० भित्रमा दिगो विकास लक्ष्य हासिल गर्न २४ बिलियन अमेरिकी डलरको आर्थिक खाडल रहेको बताउनुभयो । उहाँले विश्वका विकसित मुलुकको कार्बन उत्सर्जनबाट नेपाल प्रभावित हुनु परेको र जलवायु न्यायको लाभ नेपालले पाउनुपर्ने माग गर्नुभयो । महासभामा प्रथम महिला राधिका शाक्य, परराष्ट्रमन्त्री डा आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, सहसचिव अमृतबहादुर राई, शिष्टाचार महापाल विष्णुप्रसाद गौतम, राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका प्रतिनिधि लोकबहादुर थापालगायत सहभागी हुनुहुन्छ ।

## पोखरामा विश्व पर्यटन दिवस मनाइयो

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

पर्यटन राजधानी पोखरामा ४५औँ विश्व पर्यटन दिवसका अवसरमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । यहाँस्थित पर्यटन सम्बद्ध विभिन्न सङ्घसंस्थाले विविध कार्यक्रम आयोजना गरी दिवस मनाएका हुन् ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले लगातार वर्षा भइरहे पनि विभिन्न कार्यक्रम गरी दिवस मनाइएको बताउँदै कार्यक्रम भने केही प्रभावित भएका जानकारी दिनुभयो । परिषद्ले शुक्रबार पोखरा विमानस्थलबाट पहिलो उडानमार्फत यहाँ आउने पर्यटकलाई स्वागत गर्ने तयारी गरेको थियो । लगातारको वर्षाका कारण उक्त कार्यक्रम गर्न नसकिएको परिषद्का महासचिव जीवनराज सापकोटाले जानकारी दिनुभयो । प्रत्येक वर्ष विश्व पर्यटन दिवसका अवसरमा पोखरामा हवाई र स्थल मार्गबाट आउने पर्यटकलाई पोखरामा स्वागत गर्दै विभिन्न प्याकेजसमेत उपलब्ध गराउने गरिएको छ । परिषद्ले आजै पर्यटन र शान्ति विषयमा अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरेको छ । साथै नेपाल एशोसिएसन अफ टुर्स एण्ड ट्राभल्स एजेन्टस् (नाट्टा) गण्डकी प्रदेशद्वारा आयोजित रक्तदान कार्यक्रममा ४५ युनिट रगत सङ्कलन गरिएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहालले जानकारी दिनुभयो । नाट्टा गण्डकी प्रदेशका तर्फबाट स्थलमार्गबाट पहिलो पर्यटक सवारीसाधनमा यहाँ आउने पर्यटकलाई स्वागत एवं सम्मान गर्न लागिएको उहाँले बताउनुभयो । कार्यक्रमका अवसरमा नेपाल पर्यटन यातायात व्यवसायी सङ्घ (एनटिभिए) गण्डकी प्रदेशले पोखराको लेकसाइडबाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसम्म पर्यटक सवार सिाधन सहितको ऱ्याली प्रदर्शन गरेको छ । ऱ्यालीमा ६० वटा पर्यटक सवारीसाधन सहभागी गराइएको एनटिभिए गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष बाबुराम पाण्डेले जानकारी दिनुभयो । पोखरामा लगभग चार सय ५० को सङ्ख्यामा पर्यटक सवारीसाधनले सेवा प्रवाह गरिरहेका बताउँदै उहाँले नयाँ इम्बोष्ड नम्बरका नाममा यसको पहिचान हराउन नहुने सन्देश प्रवाहका लागि पनि ऱ्याली आयोजना गरिएको जानकारी दिनुभयो । दिवसको पूर्वसन्ध्यामा गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले पोखरा-१८ स्थित रिज्जे नासा होमस्टेमा घरवास प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेशले नयाँ पुल-मोरिया-लप्सीबोट हुँदै भुकदेउराली र त्यहाँबाट डाँडा कमेरे-फलाटे-ताडले-सराैँ सम्मको पदयात्रा कार्यक्रम आयोजना गरेको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । साथै अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरामा हिमालय फोटो प्रदर्शनी लगायतका कार्यक्रम आयोजना गरिएको सङ्ग्रहालयका कार्यकारी निर्देशक निर्मला न्यौपानेले जानकारी दिनुभयो । आजै रेवान पोखराको आयोजनामा लेकसाइडमा सडक महोत्सव आयोजना गरिएको छ ।

## क्रिकेटले राष्ट्रिय एकताको भावनालाई मजबुत बनाएको छ : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले क्रिकेटले राष्ट्रिय एकताको भावनालाई मजबुत बनाएका छन् । नेपाल क्रिकेट संघको वार्षिक साधारण सभालाई सम्बोधन गर्दै मन्त्री थापाले खेलकुद क्षेत्र अन्तर्गत क्रिकेट खेलमा नेपालले प्राप्त गरेको उपलब्धी प्रशंसनिय रहेको उल्लेख गरे ।

"क्रिकेटका कारण विश्वभर भएका सबै नेपाली एक भएका छौं । हाम्रो भावनालाई मजबुत बनाएको छ ।", उनले भने । सम्पूर्ण खेलाडी र क्यान परिवारलाई बधाई दिँदै मन्त्री थापाले खेलकुदको विकासमा खेल संघसंस्थाहरुको सक्रियता र योगदान अनुपम र उदाहरणीय रहेको बताए । सरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्र मिलेर नै नेपालको खेलकुदको विकासमा गति बढाउन सकिने भनाई




उनको छ । नेपालको संविधान २०७२ ले खेलकुद क्षेत्रलाई तीन तह संघ, प्रदेश र स्थानीयको जिम्मेबारीमा सुम्पिएको र राष्ट्रिय खेलकुद निकाय ऐन २०७७, प्रदेश खेलकुद विकास ऐन २०७७ र स्थानीय कानुन निर्माण भएको जानकारी उनले गराए । मन्त्री थापाले खेल सम्बन्धि संघसंस्थाहरुको पनि स्थानीय तह, जिल्ला, प्रदेश हुँदै संघीय संरचना निर्माण भएको हुँदा सबै संघसंस्थाहरुले आ–आफ्नो साधारण सभा मार्फत अध्यावधिक हुनुपर्ने धारणा राखेका छन् । जसमा नेपाल क्रिकेट संघको थालनी अनुकरणीय र उदाहरणीय रहेको भनाई उनको छ । गण्डकी प्रदेश सरकारले स्थानीय तह, जिल्ला र प्रदेश तहमा रहेका खेल संघसंस्थाहरुको नियमन र संचालनका लागि मापदण्ड लागु गरेको जानकारी उनले गराए । खेलाडीहरुको पहिचान, अवसर र सम्मानका लागि रेफ्री/कोच/खेलाडीका लागि वार्षिक आकस्मिक बिमा कार्यान्वयन गरिएको उनले उल्लेख गरे । ओलम्पियन ९ जना खेलाडीलाई प्रदेश सरकारले वार्षिक भत्ताको व्यवस्था गरेको भनाई उनको छ । यसका लागि खेलाडी कल्याणकारी कोष र गण्डकी प्रदेश खेलकुद पदकको स्थापना र संचालनको कार्यविधि निर्माणको चरणमा रहेको उनले बताए ।

राष्ट्रिय खेलकुद परिषद र संघीय सरकारका गण्डकी प्रदेश भित्र रहेका खेलकुद पूर्वाधार हरुको निर्माण र मर्मत सम्भार सँगै व्यवस्थापनमा प्रदेश सरकार र प्रदेश खेलकुद परिषदसँग समन्वय गनुपर्ने आवश्यकतालाई मन्त्री थापाले औंल्याएका छन् । गण्डकी प्रदेश सरकारको २०८० चैत ९ गतेको निर्णयले तनहुँको शुक्लागण्डकी नगरपालिका ८ गणपतिस्थित गाउँ फर्कोदय माध्यमिक विद्यालयको खेलमैदान र नवलपुरको कावासोतीको नवदुर्गा खेल मैदानलाई प्रादेशिक क्रिकेट खेल मैदानको रुपमा घोषणा गरेको र यसले पोखरा र चितवन भरतपुरको खेल मैदानलाई समेत टेवा पुग्ने


बाँकी अन्तिम पृष्ठमा ▶▶


## प्रतिकूल मौसमका कारण सबै आन्तरिक उडान स्थगित


रासस
काठमाडौं, ११ असोज

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मौसममा आएको खराबीका कारण शुक्रबार साँझ ७ बजेदेखि शनिबार बिहानसम्मका लागि आन्तरिकतर्फका सबै उडान स्थगित गरेको छ ।

निरन्तरको वर्षाका कारण भिजिबिलिटी कमजोर हुने भएकाले आन्तरिकतर्फका सबै उडान स्थगित गरिएको क्यानले जनाएको छ । प्रतिकूल मौसमका कारण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने सबै आन्तरिक उडान शनिबार बिहानसम्मका लागि स्थगित भएको जनाएको हो । विगत १५ घण्टायता निरन्तरको वर्षाका कारण मुलुकको आन्तरिक तथा अन्तर्राष्ट्रियतर्फका हवाई उडान प्रभावित भएका छन् ।

आन्तरिकतर्फ अधिकांश विमानस्थलमा उडान हुन सकेन भने अन्तर्राष्ट्रिय उडानतर्फ केही विमान लामोसमय होल्ड भएर अवतरण गरेका थिए । क्यानका अनुसार हाल आन्तरिकतर्फ बिहान ६ बजेदेखि राति १० बजेसम्म उडान हुँदै आएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## कालो बजारी नियन्त्रण गर्न एमालेको माग

रासस
काठमाडौं, ११ असोज

नेकपा (एमाले)ले चाडपर्वमा हुनसक्ने कालो बजारी नियन्त्रण गर्न सरकारसँग माग गरेको छ ।

एमालेको विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागले शुक्रबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहलाई ध्यानाकर्षण पत्र बुझाउँदै चाडवाड नजिकीयसँगै कालो बजारी र महँगी बढ्ने भएकाले नियन्त्रण गर्न माग गरेको हो ।

विभागका प्रमुख खिमलाल भट्टराईको नेतृत्वमा गएको टोलीले चाडवाडमा हुनसक्ने कालोबजारी र महँगी नियन्त्रणको लागि तत्काल अनुगमन सयन्त्रलाई परिचालन गर्नुपर्नेमा माग राखेको छ । यस्तै गुणस्तरीय र सुपथ मूल्य पसलहरु देशभरि सञ्चालन गर्नुपर्ने, चामल, दाल, तेल, चिनी, तरकारी, फलफूल र मासुजन्य वस्तुहरु सर्वसुलभ र सुपथ मूल्यमा पाउने वातावरण बनाउन माग गरिएको छ ।

चाडपर्व नजिक आइरहेकाले तत्काल सडकको मर्मत र खाल्डाखुल्डी पुर्नुपर्ने, चाडपर्वमा आवतजावतका लागि यातायातको साधन अभाव हुन नदिन वैकल्पिक व्यवस्था गर्न, सुरक्षा प्रबन्धका निम्ति ठाउँठाउँमा प्रहरी र यातायातको सहज व्यवस्थापनका लागि पनि माग गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै कार्यवाहक प्रधानमन्त्री सिंहले चाडपर्वलाई लक्षित गरेर सुरक्षा व्यवस्था कडा पार्न निर्देशन दिइसकेका बताउनुभएको नेता भट्टराईले जानकारी दिनुभयो ।

# रिन्जे नाँसामा घरवास प्रवर्द्धन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

४५ औं विश्व पर्यटन दिवसको पूर्व सन्ध्यामा गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशले पोखरा १६ स्थित पर्यटकीय गाउँ रिन्जे नाँसामा घरवास प्रवर्द्धन कार्यक्रम सम्पन्न गरेको छ।

उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश तथा पोखरा महानगरपालिकाको सहयोग एवम् पोखरा पर्यटन परिषद्को समन्वय गरेको कार्यक्रमको नेपाल पर्यटन बोर्डले प्रवर्द्धन गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि पोखरा पर्यटन परिषद्का अध्यक्ष तथा भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारीले नेपाल गाउँ नै गाउँले भरिएको देश भएको कारण हरेक गाउँ पर्यटकीय ठाउँ भन्ने उद्घोषलाई साकार पार्न सरोकार सबै लाग्नुपर्नेमा जोड दिनुभयो।



भिटोफ गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटाले हरेक गाउँ पर्यटकीय ठाउँ भन्ने नाराका साथ गण्डकी प्रदेशका पर्यटकीय गाउँहरूको प्रवर्द्धन गरिरहेको मञ्चले विश्व पर्यटन दिवसका अवसरमा रिन्जे नाँसालाई रोजिएको बताउनुभयो। रिन्जे नाशा सामुदायिक होमस्टेका अध्यक्ष शमशेर गुरुङले रमणीय परिवेशको सुन्दर गाउँ भएर पनि वस्ती सुन्य बन्दै गएको अवस्थालाई दृष्टिगत गरी रिन्जे जाशामा घरवास कार्यक्रम सुरु गरिएको बताउनुभयो।

भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाको अध्यक्षता एवम् सचिव लक्ष्मण पहारीले सञ्चालन गर्नुभएको कार्यक्रममा पोखरा महानगरपालिका पर्यटन बिकास समिति उपाध्यक्ष रबिन्द्रराज पौडेल, पोखरा महानगरपालिका शहरी विकास पर्यटन तथा वातावरण महाशाखा प्रमुख विमल रन्जन कार्की, पश्चिमाञ्चल होटल संघका उपाध्यक्ष गणेशराज पहारी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहाल, एनटिभिए गण्डकी प्रदेशका संस्थापक अध्यक्ष बोबरजंग गुरुङ, हाइकर्स क्लब नेपालका अध्यक्ष कृष्ण रानाभाट, भिटोफ गण्डकीका सचिव लक्ष्मण पहारी, सदस्य भावना रानाभाट लगायतले सुन्दर गाउँहरूलाई पर्यटनसँग जोड्न सकेमा त्यहाँको विकाससँगै आर्थिक समृद्धि हासिल हुनेमा जोड दिनुभयो।

ढुङ्गाले छाएका प्राचीन मौलिकताले सजिएका घरसँगै गाउँ, टोलको बाटो ढुङ्गैढुङ्गाले छपक्कै छापिएको रिन्जे नाँसाबाट आसपासका क्षेत्रमा देखिने दृश्यले जो कोही लोभिने गरेका छन्। पर्यटन राजधानी पोखरा पेरीफेरीमा रहेको पोखरा महानगरपालिका वडा नं १६ स्थित रिन्जे नाशा गाउँ यतिखेर घरवास पर्यटनको पुग्नैपर्ने गन्तव्यका रुपमा विकास हुँदै गएको छ।

# होटल संघद्वारा पर्यटकलाई निशुःल्क बसोबास र खानपान

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

४५ औं विश्व पर्यटन दिवसका दिन शुक्रबार स्थल मार्गबाट पोखरा आएका तीन पर्यटकलाई विशेष सम्मानसहित स्वागत गरिएको छ। पोखराको अम्मटमा आयोजित समारोहमा पर्यटक बसबाट सबैभन्दा छिटो पोखरा आइपुगेका तीन विदेशी पर्यटकलाई यो सम्मान गरिएको हो।




होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले ती पर्यटकलाई संघले निशुःल्क बसोबास र खानपानको व्यवस्था पुरस्कारस्वरुप मिलाएको जानकारी दिए। अतिथि रिसोर्ट एण्ड स्पाः, ग्लेसियर होटल र होटल क्राउन हिमालयजले संघका तर्फबाट ती पर्यटकलाई बसोबास र खानपानको व्यवस्था मिलाएका हुन्। पर्यटन दिवसका अवसरमा पोखरा आउने सबै पर्यटकलाई संघले होटलका कोठाको प्रकाशित दररेटमा २० प्रतिशत छुटको समेत व्यवस्था गरेको थियो। हवाई मार्गबाट पोखरा आउने पर्यटकलाई स्वागत गर्ने कार्यक्रम भने प्रतिकूल मौसमका कारण प्रभावित हुन पुग्यो।

स्थल मार्गबाट आउने पर्यटकलाई राष्ट्र बैंक चोक स्थित पर्यटक बसपार्कमा बाजागाजासहित स्वागत गरिएको हो। पोखरा पर्यटन परिषद्को अगुवाईमा तय भएका पर्यटन दिवसका चार दिवशीय कार्यक्रम अन्तर्गत, रेवान पोखराद्वारा मिनी सडक महोत्सव, भिटोफ गण्डकीद्वारा घरबास कार्यक्रम, परिषद्द्वारा टक सो, नारा पोखराद्वारा जलयात्रा, एनटीभीएद्वारा पर्यटक सवारीको र्‍याली, टान गण्डकीद्वारा पदयात्रा, नाट्टा गण्डकीद्वारा रक्तदान तथा पर्यटकको स्वागत र पर्यटन मन्त्रालय गण्डकी लगायत विभिन्न संघसंस्थाबाट आरती तथा पर्वतीय दौड जस्ता कार्यक्रम समेटिएको छ। पर्यटन र शान्ति भन्ने मूल नारासाथ आयोजित पर्यटन दिवसका कार्यक्रम शनिबार सकिने छन्।

# सिबिआरयसको वार्षिक साभारण सभा, सामाजिक परीक्षण तथा अधिवेशन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

समुदायमा आधारित पुनर्स्थापना सेवा (सिबिआरयस), नेपालको ३१ औं बार्षिक साभारण सभा, सामाजिक परिक्षण तथा १४औं अधिवेशन कार्यक्रम संस्थाका कार्यवाहक अध्यक्ष मोहनमुरारी खनालको सभापतित्व र रोटरी क्लब इलेक्ट गभर्नर तथा सल्लहकार बिनोद कोईरालाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।



उक्त कार्यक्रममा महासचिव पुरन कुवरले आ.ब. २०८०/०८१ को बार्षिक प्रगति प्रतिबेदन,कोषाध्यक्ष्य आशाकुमारी गौतमले पेश गर्नु भएको आ.ब.२०८० र ०८१ को आर्थिक आय र ब्ययको बिबरण, तथा आ.ब. २०८१ र ०८२ को अनुमानित बजेट तथा कार्यक्रम र कार्यबाहक अध्यक्ष मोहन मुरारी खनालले पेश गर्नु भएको आ.ब. २०८१ र ०८२ को नीति तथा कार्यक्र सर्बसम्मत बाट परति भएको छ। अधिबक्ता भगवति पहारीको सहजिकरणमा उक्त संस्थाको १४ औं अधिवेशन समेत अध्यक्ष पुरन कुंवरको नेतृत्वमा आगामी २ बर्षका लागि सर्बसम्मत बाट ९ सदस्यि कार्यसमिति चयन भएको छ र उक्त नव निर्वाचित समितिमा उपाध्यक्ष दिलिपकुमार शर्मा, महासचिव डा. चण्डिका पण्डित, सचिव मोहन मुरारी खनाल, कोषाध्यक्ष आशा कुमारी गौतम, सदस्यहरु झलक बहादुर राना, सरला दास, गोमा प्रधान र प्रदिप भक्त आचार्य रहेका छन्। प्रमुख अतिथिको तर्फबाट बोल्दै बिनेद कोईरालाले यस संस्थाले लामो समय देखि निसन्तर रुपमा अपाङ्गताको क्षेत्रमा कास्की, स्याजा, र तनहुँ जिल्ला बिभिन्न ९ वडा पालिका का ५७ वटा वडाहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा नेपालका अन्य बिभिन्न ठाउँहरुमा पनि पुगेर करिव ३२०८ जना अपाङ्गता भएका ब्यति र परिवरलाई सेवा गरेको सुन्न पाउदा अत्यन्त खुसि लागेको र सिबिआरयसका यस्ता पबित्र र मानव सेवामुलक कार्यक्रमहरुमा आफ्नो सधै सहयोग र सद्भाव रहने र आफुले पनि सक्दो सहयोग गर्ने कुरा बताउनु भयो। सेवाग्रहीको तर्फबाट शुक्लागण्डकी ३ तनहुँका गोकर्ण कंवरले शुभकामना मन्तब्य दिनु भएको थियो, यसैगरी गै स.स. महासंघ कास्कीका अध्यक्ष डा. बुद्धिबहादुर थापाले यस संस्थाले पिडित र सेवाबाट बञ्चित भएका ब्यक्तिहरुलाई सुशासन कायम राखेर निरन्तररुपामा ३१ बर्षसम्म मानवय सेवा गररिहेकामा खुसी ब्यक्त गर्नु भयो र निर्वाचन कार्यमा सहजिकरण गर्नु भएका बरिष्ठ अधिबक्ता भगवति पहारीले यस पबित्र संस्थाको नयाँ कार्यसमितिको आगामी २ बर्षे कार्यकाल उपलब्धिमुलक र उदाहरणिय रहोस भन्ने शुभकामना दिनु भएको थियो।

उक्त कार्यक्रम कार्यसमितिका सदस्य झलक बहादुर रानाले सञ्चालन गरेको यस कार्यक्रममा संबन्धीत सेवाग्राही तथा सरोकारवालाहरु वीच समाजिक परिक्षण समेत गरिएकोथियो। यसै अवसरमा कुशल परियारलार्य गुड्ने कुर्चि, राहुल श्रेष्ठलाई ट्वाईलेट कुर्चि, जिना रानालाई किराना तथा चटपट पसल सञ्चालनार्थ रु ८,०००।- र स्मृति नेपालीलाई बाख्रा पालनका लागि रु ८,०००।- सहयोग गर्नुका साथै कर्मचारी शकुन्तला कोईरालालाई २५ बर्षे दीर्घ सेवा सम्मान र भगवान बराल तथा पुनम देबि ढुङ्गानाको शुभबिबाहको उपलक्षमा बिबाह सम्मान सम्मान तथा कदर पत्र प्रदान गरिएको थियो।

# एबीसी टिभीको 'सुनौलो गण्डकी, समुन्नत गण्डकी' विषयक अन्तरक्रिया हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

एबीसी टेलिभिजनको १७ औं वर्ष शुभारम्भको अवसरमा गण्डकी ब्यूरोले पोखरामा 'सुनौलो गण्डकी,समुन्नत गण्डकी' विषयक बृहत अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने भएको छ।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विशेष सहयोग, उद्योग तथा पर्यटन मन्त्रालय र पोखरा महानगरपालिकाको सहयोगमा बृहत संवाद कार्यक्रम हुन लागेको हो।

ड्यामसाइडस्थित नेपाल पर्यटन बोर्डको सभाहलमा यही १३ गते आइतबार हुने कार्यक्रमको तयारी पूरा भएको गण्डकी ब्यूरो प्रमुख एमबी आस्था मगरले जानकारी दिए। उनका अनुसार कार्यक्रमको समयावधि करिब १ घण्टा ३५ मिनेट तोकिएको छ। बिहानको ७: ४५ बजे सुरु हुने सो कार्यक्रममा विषयविज्ञका रुपमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी र नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जनकुमार श्रेष्ठले प्रस्तुती दिने मगरले बताए।

'विषयविज्ञको प्रस्तुतीपछि खुला सत्रमा प्रश्नोत्तर हुनेछ, आस्थामगरले भने, 'त्यसपछि महिलाको दृष्टिकोणमा सुनौलो गण्डकी, समुन्नत गण्डकीको बारेमा संसदीय दल नेकपा माओवादीकी प्रमुख सचेतक कुसुम बुढामगरले धारणा राख्ने कार्यक्रम तय गरेका छौं।' गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यता र उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्याल लगायत विशेष व्यक्तित्वहरुको सहभागिता रहने सो कार्यक्रमको टेलिभिजनबाट प्रत्यक्ष प्रशारण हुने भएकाले निर्धारित समयमै उपस्थित हुन आयोजकले अनुरोध गरेको छ। एबीसी मिडिया ग्रुपका अध्यक्ष तथा प्रधान सम्पादक शुभशंकर कँडेलको सभापतित्वमा हुने कार्यक्रमको सञ्चालन गण्डकी ब्यूरो प्रमुख एमबी आस्था मगरले गर्नेछन्। सो कार्यक्रमले पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकसित गर्न थप सघाउ पुग्ने विश्वास लिइएको छ।

## क्रिकेटले...

विश्वास उनको छ। राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले एनपीएलका लागि टीयुको खेलमैदानमा स्कोर बोर्ड संचालनमा ल्याउने तयारी भएको जानकारी गराए। उनले खेलकुदलाई उद्यम, आयआर्जन सँग जोड्न परिषद लागिरहेको उल्लेख गरे। घरेलु क्रिकेटको स्ट्रक्चरलाई मजबुत बनाउन आवश्यक रहेको भनाई उनको छ।

नेपाल क्रिकेट संघका महासचिव पारस खड्काले नेपाली क्रिकेट टोलीले १९ वटा अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिइएको बताए। पूर्व कप्तान समेत रहेका उनले नेपाली क्रिकेटलाई प्राथमिकतामा राख्न सरकारलाई आग्रह गरेका छन्। जिल्ला स्तरबाट नै व्यवसायिक रुपमा खेलाडीलाई जोड्नुपर्ने आवश्यकता रहेको भनाई उनको छ।

क्यानका अध्यक्ष चतुर बहादुर चन्दको अध्यक्षतामा भएको कार्यक्रममा गण्डकी प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर कँडेल लगायतले बोलेका थिए।


## विपद्बाट बचौं र बचाऔं

विपद् आकस्मिकरुपमा आउने हुँदा:

◆ विपद्बाट बच्न आवश्यक पूर्वतयारी गरौं,
◆ समुदाय तथा छरछिमेकमा आवश्यक समन्वय गरौं,
◆ प्रहरी, दमकल, एम्बुलेन्सलगायत अत्यावश्यक निकायको सम्पर्क नम्बर राखौं,
◆ विपद् आईहालेमा नआत्तिऔं,
◆ बालबालिका, वृद्धवृद्धालगायत बढी जोखिममा रहेका वर्गको उचित ख्याल राखौ,
◆ विपत्तिमा परेकालाई उद्दार र पुनर्स्थापनामा सहयोग गरौं,
◆ विपदसम्बन्धी सचेतना फैलाऔं,


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ढोरपाटन- सिकार र पर्या-पर्यटनको आधार

**सन्तोष गौतम**
म्याग्दी, ११ असोज/रासस

ढोरपाटन सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ । एक हजार ३२५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको ६० प्रतिशत पूर्वी रुकुम, २६ प्रतिशत बागलुङ र १४ प्रतिशत भूगोल म्याग्दीमा पर्छ । २०४४ सालमा घोषणा गरिएको यो नेपालको एकमात्र सिकार आरक्ष हो ।

यो आरक्ष पर्यटनका लागि मात्र नभएर ढोरपाटनको जैविक, सांस्कृतिक, पर्यटकीय, धार्मिक लगायत धेरै अवसरहरू छन् । हरेक वर्षको वसन्त र शरद् याममा ढोरपाटनमा सिकार खेल्न विश्वका सौखिन र धनाढ्य सिकारीहरू आउँछन् । कम्पनीहरूले ठेक्का प्रतिस्पर्धामार्फत सरकारलाई राजस्व तिरेर सिकार गर्न पर्यटक ल्याउँछन् । यहाँ ३२ प्रजातिका स्तनधारी वन्यजन्तु र १३७ प्रजातिका पक्षीहरू छन् । आरक्षलाई सुनदह, सेङ, दोगाडी, बार्से, फागुने, सुर्तिवाङ, घुस्तुङ ब्लगमा विभाजन गरी सिकार खेल्न दिने व्यवस्था मिलाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा १९ वटा नाउर र ११ वटा झारल सिकारबाट चार करोड २६ लाख ८८ हजार ७०० राजस्व सङ्कलन भएको छ । आव २०६७/६८ देखि हालसम्म ३९४ नाउर, झारल र रतुवाको सिकार भएको छ । सन् २०२२ मा नाउरको गणना गर्दा ७९ वटा झुण्डमा एक हजार २९० भेटिएका थिए । आव २०७९/८० मा १९ नाउर र ११ झारल, २०७८/७९ मा १७ नाउर र आठ झारल, २०७७/७८ मा १० नाउर र छ झारलको सिकार भएको थियो । सिकार कम्पनी ग्लोवल सफारी काठमाडौँका सिकार गाइड मानबहादुर पुनका अनुसार स्पेन, अमेरिका, रसिया, अमेरिका, जर्मनी, फ्रान्स, बेलारुसलगायत देशका सिकारीहरू सिकार खेल्न आउँछन् । "विश्वका धनाढ्य व्यक्तिहरू जङ्गली जनावरको सिकारको सोख पूरा गर्न करोडौँ खर्चेर ढोरपाटन आउने गरेका हुन्," १३ वर्षदेखि सिकार गराउँदै आउनुभएका उहाँले भन्नुभयो, "युवादेखि ७४ वर्षका बृद्ध पनि सिकार खेल्न आउने गर्दछन् ।"

**वार्षिक १५ हजार पर्यटकको आगमन**

विदेशी सिकारीका अलावा पछिल्ला केही वर्षयता देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटकहरू ढोरपाटन घुम्न आउने क्रम बढेको छ । आरक्षका रेञ्जर सागर सुवेदीका अनुसार आव २०८०/८१ मा १५ हजार ५७३ जनाले भ्रमण गरेको ढोरपाटनमा पर्या-पर्यटन शिर्षकमा रु. १९ लाख ३३ हजार ७०० राजस्व सङ्कलन भएको थियो । ढोरपाटन उपत्यकाको प्रवेशविन्दु देउरालीमा आरक्ष र नेपाली सेनाको पोष्टमा पर्यटकहरूको विवरण राख्ने र शुल्क लिने गरिन्छ । ढोरपाटन घुम्न नेपालीले प्रतिव्यक्ति एक सय, सार्क राष्ट्रकाले प्रतिव्यक्ति रु एक हजार ५०० र अन्य देशकाले रु तीन हजारका दरले शुल्क तिर्नुपर्छ । गत आवमा रु. चार करोड ७१ लाख दुई हजार ६२८ राजस्व सङ्कलन भएको छ । अघिल्लो आव २०७९/८० मा रु. तीन करोड ४८ लाख राजस्व सङ्कलन भएको थियो । सहज यात्रा गर्दै सिकार गर्न पाउने अवस्था भएर बढी बढाउनमा सिकारी छानिने अवसरले राजस्व बढेको आरक्षले जनाएको छ । गत आवमा सार्क राष्ट्रका चार र अन्य देशका १०२ जना पर्यटक ढोरपाटन आएका थिए । सडक यातायात, होटल तथा घरवास सुविधा, सञ्चार माध्यम र सामाजिक सञ्जालका कारण बुकी फुलेको हेर्न, फोटो, भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न र प्रकृतिमा रमाउन दैनिकजसो पर्यटक आउने गरेका ढोरपाटन सामुदायिक घरवास (होमस्टे)का सञ्चालक रामबहादुर घर्तीमगरले बताउनुभयो । ढोरपाटनमा रहेका २१ वटा होटल र होमस्टेमा दैनिक ३०० जना बास बस्न सक्ने क्षमता छ ।

**ढोरपाटनको आकर्षण**

सुन्दर पाटन, आकर्षक गाउँ, मनै लोभ्याउने हिमाल, पृथक रहनसहन, परम्परागत रूपमा बनेका घर-गोठहरू र घोडचडी ढोरपाटनको थप आकर्षण र विशेषता हो । सिकार आरक्ष कार्यालय परिसरको सूचना केन्द्र छ । आरक्ष क्षेत्रमा पाइने वन्यजन्तुबारे जानकारीसहित विभिन्न जनावर र पशुपन्छीको छालासमेत सङ्ग्रहालयमा राखिएको छ। ढोरपाटनमा उत्तरगङ्गाको ढोरबराह मन्दिर, उत्तरगङ्गा, रुद्रताल, छेन्टुङ गुम्बालगायत मठमन्दिर रहेका छन् । जनैपूर्णिमा, शिवरात्रिलगायत विभिन्न पर्वमा यहाँ तीर्थालुको भिड लाग्छ । ढोरपाटन आरक्ष कार्यालयको तीन किलोमिटर पूर्वमा रहेको छेन्टुङ गुम्बा र तिब्बती बस्ती ढोरपाटनको अर्को आकर्षण हो । तिब्बती शरणार्थीका जनजीवन, संस्कृति र रहनसहन बुझ्न छेन्टुङ पुग्नैपर्ने गन्तव्य हो । ढोरपाटनबाट २२ किलोमिटर दूरीमा रहेको जलजलाबाट हिमाल, सूर्योदय र पहाडी भूगोलको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ ।

ढोरपाटन उपत्यकाको पुरानो हवाई मैदान, उत्तरगङ्गा, स्यालपाखे, नवी र तिब्बती शरणार्थी क्याम्पसम्म घुम्ने गर्छन् । त्यसका साथै गुर्जाघाट, जलजला र माथिल्लो भागमा बुकीलगायतका बस्ती यहाँका अन्य रमणीय स्थान हुन् । पर्यटकहरूको बसाई लम्बाउनका लागि सहायक गन्तब्य पहिचान गरेर सङ्घीय, प्रदेश सरकार र नगरपालिकामार्फत पूर्वाधार निर्माण थालिएको ढोरपाटन पर्यटन प्रर्वद्धन विकास संस्थाका सचिव जीवन पुनले बताउनुभयो । यसवर्ष पाखाथरमा होमस्टे सञ्चालन, काडेको डाडाखेदी किटेनी जोड्ने पदमार्ग र गर्पाछेडाको बुकीमा 'ब्लु सिप गोठ स्टे' सञ्चालन गरेका छन् ।

**बुकी, पशुपालन र पर्यटन**

ढोरपाटन सिकार आरक्ष समुन्द्री सतहदेखि दुई हजार मिटर उचाइमा रहेको रुकुमको तकसेरादेखि सात हजार २४३ मिटर उचाइएको चुरेन हिमालसम्म फैलिएको छ। स्थानीयवासीले हिमाली क्षेत्रका पाटनहरूलाई बुकी भन्ने हुँदा त्यहाँ फुल्ने फूलहरूलाई बुकी फूल भन्ने गरिएको हो। बर्खायाम सुरु भएपछि पूर्वी रुकुम, म्याग्दी र बागलुङका किसानले पालेका गाईभैँसी, भेडा, बाख्रा, घोडालाई घाँस खुवाउन बुकीतर्फ उकालो लाग्छन् । बेंशीका खेतबारीमा बाली लगाएपछि ठूलो सङ्ख्यामा पालिने बस्तुभाउलाई पोषिलो घाँस खुवाउन बुकी लैजाने चलन रहेको छ। वैशाखमा लेकतिर उक्लिएका गोठालाहरू असोजमा मात्र बेंशी झर्ने चलन छ। गोठाला जनजीवनलाई नियाल्नका लागि बुकीको यात्रा रोमाञ्चक अवसर हो । पर्यटकहरू घोडा चढेर रमाउँछन् । बुकीको पोषिलो घाँस खाएका बस्तुभाउ निरोगी, मोटा हुने र दूध तथा मासुको उत्पादन बढी हुने किसान लछुमन थापा बताउनुहुन्छ । बुकीफुलको ढोरपाटन र आसपासका गाउँहरूमा मनाइने चाडपर्व, धर्म, संस्कार र संस्कृतिसँग गाँसिएको छ । भूमे पुजामा युवायुवतीहरूले फूल टिपेर एक अर्कालाई दिने चलन छ। साउने सङ्क्रान्तिमा बुकी फूल जम्मा पारेर लेक र गाउँका देवता पुज्ने गर्छन् । मगराँत क्षेत्रको प्रमुख मानिने उत्तरगङ्गा ढोरबराहमा जनै पूर्णिमामा लाग्ने मेला ढोरपाटनलाई बुकी फूलले ढाकेको समयमा लाग्ने गर्छ । ढोरपाटनमा ढकमक्क फूल फुलेर स्वर्गजस्तो बनेको जनैपूर्णिमाको दिन पारेर यहाँ बलि राजा प्रकट भएका र उनको स्वागतका लागि मेला लगाउने चलन रहेको छ। ढोरपाटन सिकार आरक्षका संरक्षण अधिकृत मण्डिप पँगेनीका अनुसार साउनदेखि असोजको पहिलो हप्तासम्म बुकी फुल्ने गर्छ । "बर्खायाममा ढोरपाटनको आकर्षण नै बुकी हो," उहाँले भन्नुभयो, "यहाँ पाइने फुलहरूको जात पहिचान र अभिलेखीकरणको काम थालेका छौँ ।" संरक्षण अधिकृत पशुपति अधिकारीले आरक्ष क्षेत्रमा फाइने १३ प्रजातिका फरकफरक फूलको तस्बिर र स्थानीय नाम सङ्कलन गर्नुभएको छ। ओठफुटे, काप्चुच्चे, दहीठेकी, दूधे, नाकेफुली, पुतली, प्याउली, फट्याङ्ग्री, बिजौरी, बुकी (१), (२), (३), बोक्सी, मदाने र राके स्थानीय नाम गरेका फूलको तस्बिर सङ्कलन भएको छ । यीबाहेक कप्टेरी, भुइँपाटी, बटारे, घोप्टे, अतिशलगायतका फूलहरू पनि बुकीको पाटनमा फुल्ने गर्छन् । बर्षात्को समयमा मात्रै फुल्ने यी फूलहरू असोज लागेपछि सुक्न थाल्छन् । बुकी फूलको बारेमा वैज्ञानिक अध्ययन अनुसन्धान भएको छैन् । सङ्कलन भएका तस्बिरहरूलाई सम्बन्धित विज्ञहरूको सहयोगमा अङ्ग्रेजी र वैज्ञानिक नाम पहिचान गर्ने तयारी गरेको संरक्षण अधिकृत पंगेनीले बताउनुभयो। आरक्षले फूलहरूलाई संरक्षण गर्न चरन क्षेत्रबाट ट्याक्टरमा गाईवस्तुको मल उठाउन रोकेको छ । सिमसार क्षेत्रमा गाईवस्तुले गोब्राउने भएकाले मलिलो माटोमा फूलका बोटबिरुवा सजिलै हुर्कन्छन् ।

**यहाँसम्म कसरी पुग्ने ?**

पोखरादेखि मध्यपहाडी लोकमार्ग भएर बस, गाडी वा मोटरसाइकलमा बागलुङ सदरमुकाम हुँदै झन्डै पाँच घन्टामा बुर्तिबाङ पुगिन्छ। बुर्तिबाङ पुगेपछि लोकमार्गलाई छाडेर अधिकारीचौर, बोबाङ हुँदै ३६ किलोमिटर कच्ची सडकमा जिप र मोटरसाइकलमा दुईदेखि तीन घण्टामा ढोरपाटन पुगिन्छ । म्याग्दीको बेनी हुँदै धवलागिरि गाउँपालिकाको मुनासम्म ४५ किलोमिटर सडकमा र त्यसपछि मरेनी जलजला हुँदै दुई दिन पैदलयात्रा गरेर ढोरपाटन पुगिन्छ । पूर्वी रुकुमको टकसेरा हुँदै पनि ढोरपाटन आउन सकिन्छ । गुरील्ला पदमार्गले समेटिएको ढोरपाटन हुँदै डोल्पा पनि जान सकिन्छ । ढोरपाटन सिकार आरक्ष पुग्ने सडकको पहुँचमार्ग बागलुङको बुर्तीवाङबाट छ । ढोरपाटन घुम्न जाने धेरैजसोले बुर्तिबाङ-ढोरपाटन सडक प्रयोग गर्छन् । ढोरपाटनबाट लाभ लिनका लागि म्याग्दी हुँदै जलजला र ढोरपाटन जोड्ने सडक निर्माण कार्यलाई जतिसक्दो छिटो सम्पन्न गर्नुपर्ने धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । "बागलुङको बुर्तिबाङभन्दा म्याग्दीबाट ढोरपाटन पुग्न ४० देखि ४५ किलोमिटर नै छोटो पर्छ," उहाँले भन्नुभयो "बेनीदेखि दरवाङ, मुना, खोरिया हुँदै मरेनीसम्म पुगेको सडकलाई स्तरोन्नति गर्ने र मरेनीदेखि जलजला जोड्ने सडकको मार्ग खोल्ने कार्यलाई प्राथमिकता दिएका छौँ ।" यस वर्षपनि मरेनी जलजला ढोरपाटन जोड्ने सडकका लागि सङ्घीय सरकारबाट रु. छ करोड ६० लाख विनियोजन भएको छ । ढोरपाटन उपत्यकादेखि छेन्तुङ, गुर्जाघाट हुँदै जलजलासम्म २२ किलोमिटर सडकको मार्ग खुलिसकेको छ। यो सडकमा पर्ने विभिन्न ठाउँका खोलाहरूमा कजवे, कल्भर्ट र मोटरेबल पुल बनाउन आवश्यक छ । ढोरपाटनदेखि पूर्वी रुकुम सडकले जोडिन नौ किलोमिटर मात्र बाँकी छ। म्याग्दी, ढोरपाटन र पूर्वी रुकुम सडकले जोडिएमा मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प बन्न सक्छ । बागलुङ हुँदै पूर्वी रुकुम पुग्नुभन्दा म्याग्दीबाट जाँदा ६५ किलोमिटर छोटो पर्ने धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो । ढोरपाटनलाई सडक सञ्जालसँग जोड्ने र स्तरोन्नति गर्ने योजनालाई म्याग्दीका सबै राजनीतिक दल तथा सरोकारवालाहरूले प्राथमिकता दिएका छन् ।

गण्डकी प्रदेश सरकारले बेनी-दरवाङ सडक स्तरोन्नतिलाई पूर्णता दिने र दरवाङदेखि धारापानी ताकम मुना जोड्ने सडकलाई स्तरोन्नति गर्न प्राथमिकता दिएको पूर्वमन्त्रीसमेत रहेका प्रदेश सांसद रेशमबहादुर जुग्जालीले बताउनुभयो । उहाँका अनुसार धारापानीदेखि शिवाङ जोड्ने चार किलोमिटर सडक स्तरोन्नतिका लागि यस वर्ष रु २५ करोड विनियोजन भएको छ । दरवाङ धारपानी र शिवाङ- मुना सडक कालोपत्र गर्ने लक्ष्यसहित यसै वर्ष सङ्घीय र प्रदेश सरकारको साझेदारीमा कार्यान्वयन हुनेगरी रु एक अर्बको आयोजना भित्रिएको छ । बेनीदेखि मुनासम्मको सडक कालोपत्र र मुना खोरीया जलजला हुँदै ढोरपाटन सडकले जोड्न सकिएमा पोखरा, काठमाडौँका पर्यटक तथा रुकुम, जाजरकोटका बासिन्दालाई ढोरपाटन भित्र्याउन र आवतजावत गराउन सकिन्छ । यसबाट म्याग्दीको पश्चिमी क्षेत्रको समग्र विकासमा टेवा पुग्ने र आर्थिक समृद्धि हासिल हुने अपेक्षा गरिएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



शीत भण्डारः
स्याङ्जाको वालिङ १ स्थित त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारीले सञ्चालनमा ल्याएको शीत भण्डारमा भण्डारण गरिएको बीउ आलु । तस्बिर : तोलाकान्त बगाले /रासस

# पर्वतका ग्रामीण सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, ११ असोज

जिल्लाका ग्रामीण सडकको धमाधम स्तरोन्नति थालिएको छ। सडक सुधार र स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु ८४ करोड विनियोजन गरेर काम सञ्चालन भएको हो ।

प्रदेश सरकारअन्तर्गतको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ मा पर्वतमा सडकसम्बन्धी एक सय २३ वटा योजनाका लागि रु ८३ करोड ७९ लाख ८० हजार विनियोजन गरेको हो ।

मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालका अनुसार अघिल्लो आर्थिक वर्षमा स्रोत सुनिश्चित भएका क्रमागत योजनासहित एक सय २३ वटा योजना सञ्चालन हुने बताउनुभयो । केही सङ्घीय सरकारअन्तर्गतका रहेका छन् भने प्रदेश सरकारका अधिकांश नयाँ योजना छन् ।

कुश्मा नगरपालिकामा ३३, फलेवासमा ३३, मोदी गाउँपालिकामा २०, जलजलामा १४, पैँयुमा ११, महाशिलामा सात र सबैभन्दा कम विहादी गाउँपालिकामा पाँचवटा योजना छन् । तीमध्ये ५० वटा योजनाको लगत अनुमान तयार भइसकेको र असोजभित्र ठेक्का प्रक्रिया अघि बढ्ने कार्यालय प्रमुख अर्यालले बताउनुभयो । गत आवमा ठेक्का प्रक्रियामा गएका पैँयुको छत्तिसेघाट मोटरेबल पुल, कुश्मा-१० र फलेवास-३ जोड्ने मल्याङ्दीखोलापुल, जलजलाको मिलनचोक-सल्यान-घाहाखेत धारापानी-ठोटनेरी सडकका लागि पनि स्रोत सुनिश्चित भई नियमित काम हुने भएको छ।

यसैगरी कुश्मा-२ को हिमालय मावि-पाङ- नुहार-खनियाघाट सडक, खुर्कोट-पाङ-नालिवाङ-धाइरिङ-मल्लाज बेनी सडक, मोदी गाउँपालिकाको रतिखोलाबाट दराक-चित्रे-गगटे-राम्जा सडकको पनि स्रोत सुनिश्चित भएको छ । फलेवास नगरपालिकाको खुमबाट भँगरा-बेतेनी-सल्यानधारा-घन्तरी-लुङ्खु सडकको स्तरोन्नति, पैँयु र महाशिलाको बेउलीबास-पूर्णगाउँ-पैँयुकोट-लुङ्खु सडकका लागि रु तीन करोड १० लाखको लागतमा स्तरोन्नति सुरु भएको छ । उक्त योजनाको गत साता गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले शिलान्यास गर्नुभएको थियो । यसैगरी जलजलाको मिलनचोक-रातमाटा-भोटेडाँडा-शालिजा सडक स्तरोन्नति, जलजलाकै किराखोर-घाखेत-धारापानी-कलैचे सडक, फलेवास नगरपालिकाअन्तर्गतको हिलेखोला-कार्कीनेटा-खलडाँडा-फलेवास-जैमुनीघाट सडकका लागि पनि रु आठ करोडको योजना क्रमागत रूपमा सञ्चालन भइरहेको कार्यालयले जनाएको छ । कुश्मा नगरपालिकाअन्तर्गत दोबिल्ला-सिल्मी-ठूलीपोखरी-खौला-कार्कीनेटा र धरादी-काउँडाँडा-सौर्यकोट-हातेमालोचोक सडकका लागि पनि स्रोत सुनिश्चित भएको कार्यालय प्रमुख अर्यालले बताउनुभयो । पूर्वाधार विकास कार्यालयका प्रमुख अर्यालले चालु आवमा सालवसाली र बहुवर्षे ठेक्का लगाउने योजनाको पहिचान गरी सर्वेक्षणको काम भइरहेको जानकारी दिनुभयो । उहाँले प्राविधिक कर्मचारीको अभाव, बहुवर्षीय योजनामा पर्याप्त बजेटको कमीलगायत समस्या रहेको जानकारी दिनुभयो। आव २०८०/८१ मा जिल्लामा २३ किलोमिटर सडक कालोपत्र गरिएको छभने १७ किलोमिटर लामो पानी निकासको नाली, चार किलोमिटर सडक ग्राभेल र १३ किलोमिटर कच्ची सडक विस्तार गरिएको थियो ।

# पहिराले कालीगण्डकी करिडोर अवरुद्ध

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ असोज

भारी वर्षाका कारण राष्ट्रिय गौरवको आयोजनाका कालीगण्डकी करिडोर अवरुद्ध भएको छ। कोरिडोरको बागलुङ नगरपालिका-१० दब्ल्याङमा लेदोसहित पहिरो झर्दा कोरिडोर पूर्ण रुपमा बन्द भएको हो ।

उक्त सडकखण्ड दुई महिनादेखि अवरुद्ध भइ बिहीबार मात्रै सञ्चालनमा आएको थियो । तर बिहीबारदेखि नै भारी वर्षा हुँदा कोरिडोर अवरुद्ध भएको प्रहरी चौकी मालढुङ्गाका प्रमुख भोजबहादुर गुरुङले जानकारी दिनुभयो । सडक पूर्णरुपमा बन्द हुँदा बागलुङको दक्षिण क्षेत्रदेखि जिल्ला सदरमुकामको सिधा सम्पर्क विच्छेद भएको उहाँको भनाइ छ।

चीन-भारत जोड्ने गरी निर्माण भएको कोरिडोर वर्खाको समयमा बन्द हुने गरेको छ। सडक अवरुद्ध हुँदा बागलुङ बलेवा, जैमिनी, बरेङ सञ्चालन हुने यातायात ठप्प भएका छन् । जसका कारण यात्रु अलपत्र परेको गुरुङले बताउनुभयो। कोरडोर हुँदै बुटवल, भैरवाह दलगायत तराई क्षेत्रमा सञ्चालन हुने यातायात बर्खा सुरु भएपछि चल्न सकेका छैनन् ।

करिडोरको विकल्पमा दब्ल्याङ-कालाखोला खण्डलाई वैकल्पिक सडकका रुपमा सञ्चालनमा ल्याइए पनि ठूलो वर्षाका कारण यातायातका साधान चल्न सकेका छैनन् । अहिले पनि भारी वर्षा भइरहेको हुँदा तत्काल सडक खुलाउन संभवन नभएको उहाँ बताउनुहुन्छ ।

# रासस संवाददाता श्रेष्ठ सम्मानित चारजना सम्मानित

**रासस**
लमजुङ, ११ असोज

विश्व पर्यटन दिवसको अवसरमा पत्रकारिताको माध्यमबाट पर्यटन प्रवर्द्धनमा योगदान पुर्याएको भन्दै रासस लमजुङ समाचारदाता जनक श्रेष्ठसहित चार जनालाई सम्मान गरिएको छ । विश्व पर्यटन दिवसको अवसरमा शुक्रबार यहाँ फोर के मल्टिमिडिया प्रालिद्वारा आयोजित कार्यक्रममा श्रेष्ठ, पत्रकार अनुज अधिकारी, सन्देश पौडेल र सुनिता भुजेललाई सम्मान गरिएको हो ।

बैँसीसहर नगरपालिका उपप्रमुख पदमा गुरुङ, सहायक प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयाल, नेपाल एशोसियशन लमजुङको अध्यक्ष रामकुमार श्रेष्ठले खाँदा ओढाएर उहाँहरूलाई सम्मान गर्नुभयो । श्रेष्ठ विगत छ वर्षदेखि राससमा आबद्ध हुनुहुन्छ ।

